समुन्नत इलाम सम्पन्न इलामेली

# इलाम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

इलाम

पत्र संख्या: ०८२/८३

चलानी नं: १४२६

कोशी प्रदेश,नेपाल

मिति: २०८२/१०/०८

विषयः कक्षा १० र कक्षा ८ को पूर्व तयारी परीक्षा सम्बन्धमा।

श्री सबै कक्षा ८ सञ्चालित सामुदायिक विद्यालयहरू,
इलाम नगरपालिका, इलाम।

प्रस्तुत विषयमा शैक्षिक सत्र २०८२ को वार्षिक शैक्षिक कार्यक्रमअनुसार शैक्षिक सत्र २०८२ को कक्षा १० र कक्षा ८ को पूर्व तयारी परीक्षा तपसिलबमोजिम सञ्चालन हुने भएकोले मिति २०८२/१०/१३ गतेभित्रमा IEMIS बाट परीक्षार्थीहरूको नामनामेसी विवरण डाउनलोड गरी अंग्रेजी वर्णानुक्रमानुसार रोल नं (001 देखि) कायम गरेर Excel Sheet शाखाको मेलमार्फत् पेश गर्नुहुन सूचित गरिन्छ।

**तपसिल:**

१. परीक्षा समयः बिहान ठिक ११ बजेदेखि
२. परीक्षा केन्द्रः सम्बन्धित विद्यालय
३. परीक्षा तालिका

| क्र. सं. | विषय | | परीक्षा सञ्चालन हुने मिति | |
|---|---|---|---|---|
| | कक्षा १० | कक्षा ८ | | |
| १. | अनिवार्य गणित | गणित | २०८२/१०/१८ गते आइतबार | |
| २. | अनिवार्य नेपाली | नेपाली | २०८२/१०/१९ गते सोमबार | |
| ३. | अनिवार्य अंग्रेजी | अंग्रेजी | २०८२/१०/२० गते मंगलबार | |
| ४. | अनिवार्य विज्ञान तथा प्रविधि/ वेद वा नीतिशास्त्र | विज्ञान तथा प्रविधि/वेद वा नीतिशास्त्र | २०८२/१०/२१ गते बुधबार | |
| ५. | अनिवार्य सामाजिक अध्ययन/संस्कृत भाषा तथा व्याकरण | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | २०८२/१०/२२ गते बिहिबार | |
| ६. | ऐच्छिक प्रथम | स्वास्थ्य तथा शारीरिक शिक्षा/संस्कृत भाषा | २०८२/१०/२३ गते शुक्रबार | |
| ७. | ऐच्छिक द्वितीय | स्थानीय विषय/संस्कृत व्याकरण | २०८२/१०/२४ गते शनिबार | |

४. मिति २०८२/१०/१६ गतेसम्ममा अनिवार्य विषयको (क्र.सं. १ देखि ५ सम्मको) प्रश्नपत्र शाखाबाट वितरण गरिनेछ। अन्य विषयको (क्र.सं. ६ र ७ र संस्कृत विषयका) हकमा विद्यालयले सम्बन्धित विषय शिक्षकबाट नै प्रश्नपत्र तयार गर्न लगाई तोकिएको तालिकाबमोजिम परीक्षा सञ्चालन गर्नुपर्नेछ।
५. परीक्षाका लागि आवश्यक पर्ने उत्तरपुस्तिका लगायतका अन्य सामग्रीहरूको व्यवस्थापन विद्यालय आफैंले गर्नुपर्नेछ।

२०८२/१०/०८

राधिका घिमिरे
शाखा अधिकृत
(अधिकृत स्तर आठौं)



CamScanner

६. हरेक दिन परीक्षा सञ्चालन पश्चात् शाखाबाट उपलब्ध भएको गणक पञ्जिकामा रोल नं राखी उत्तरपुस्तिका रुजु गरेर प्याकिङ गरी बाहिर विद्यालयको नाम, विषय, परीक्षा मिति, कक्षा र उत्तरपुस्तिका संख्या उल्लेख गरी सम्भव भएसम्म सोही दिन वा भोलिपल्ट नै शाखामा बुझाउनु पर्नेछ।

७. नतिजा प्रकाशन प्रयोजनका लागि आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क मिति २०८२/१०/२० गतेसम्ममा शाखामा उपलब्ध गराउनु पर्नेछ।

८. उत्तरपुस्तिका संकलन, परीक्षण (स्थानीय विषय बाहेकको) तथा नतिजा प्रकाशन सम्बन्धी सम्पूर्ण कार्यहरूको व्यवस्थापन शाखाबाट हुनेछ।

राधिका सिवाकोटी
शाखा अधिकृत
(अधिकृत स्तर आठौं)

**बोधार्थ:**

श्री प्रमुख ज्यूको सचिवालय, इलाम नगरपालिका, इलाम।
श्री उपप्रमुख ज्यूको सचिवालय, इलाम नगरपालिका, इलाम।
श्री सबै वडा कार्यालयहरू, इलाम नगरपालिका, इलाम – जानकारीको लागि।
श्री सूचना तथा प्रविधि शाखा, इलाम नगरपालिका, इलाम – वेभसाइटमा अपलोड गरिदिनु हुन।



CamScanner